# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०१।०८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ७ बस्ने कृति थापा खड्काले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी प्रा.वि.राहत शिक्षक पदमा जागिर खाइरहेको हुनाले छानबिन गरी नक्कली र किर्ते गर्नेलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज महाविर मा.वि. ब्रम्हापुरी, कलैया, बाराको प्रा.वि. राहत शिक्षक कृति थापा खड्काले विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट मध्यमा परीक्षा उत्तीर्ण गरेको झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी राहत शिक्षक पदमा कार्यरत रही लाभ लिएको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज कृति थापा खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता